# गुलरिया नगरपालिकाको आन्तरीक श्रोतहरुको कर असुली सम्बन्धी ठेक्काको सूचना

*(प्रथम पटक प्रकाशित मिति ) २०७६/०२/१३ गते*

यस गुलरिया नगरपालिकाको मिति २०७६/१/३१ गतेको स्थानिय राजश्व परामर्श समितिको सिफारीस र मिति २०७६/२/५ को नगर कार्यपालिकाको बैठकको निर्णयानुसार तपसीलका आन्तरीक श्रोतहरुको कर असुली कार्य ठेक्काद्वारा बन्दोबस्त गर्नुपर्ने भएकाले सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजीम प्रथम पटक गोप्य शिलबन्दि दरभाउपत्र को माध्यम बाट ठेक्कामा दिई तपसीलको अवधीका लागी करअसुली गर्नुपर्ने भएको हुदा इच्छुक महानुभावहरुबाट तपसिल अनुसारको शर्त बमोजिम शिलबन्दी दरभाउपत्र फाराम पेश गर्नका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। ठेक्का लिन इच्छुक व्यक्ति, संघ,संस्था तथा सबै महानुभावहरुले तोकिएको म्यादभित्र शिलबन्दी दरभाउपत्र खरीद गरी कार्यालयमा पेश गर्नुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

१. दरभाउपत्र फाराम रु. १०००।- (पछि फिर्ता नहुने) गरी यस कार्यालयबाट मिति २०७६/०२/१३ गते देखि २०७६/०२/२७ गते सम्म कार्यालय समय भित्र खरीद गरिसक्नु पर्नेछ।

२. दरभाउपत्र फाराम साथ नेपाली नागरीकको लागी आफूले कबोल गरेको अंकको ५% ले हुने रकम र विदेशीको हकमा १०% धरौटी रकम यस कार्यालयको नाममा रा.बा.बैंक गुलरिया शाखाको **धरौटी खाता नं.४१४०३०३००७१०५** मा जम्मा गरेको सक्कल भौचर, नेपाली नागरीकताको प्रमाणपत्रको फोटोकपी विदेशीले पासपोर्टको फोटोकपी दरभाउपत्र साथ संलग्न राखी पेश गर्नुपर्नेछ।

३. शिलबन्दी दरभाउपत्र मिति २०७६/०२/२८ गते अपरान्ह १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ।

४ शिलबन्दी दरभाउपत्र मिति २०७६/०२/२८ गते दिनको २:०० बजे ठेकेदार वा निजको प्रतिनिधिको रोहोवरमा खोलिने छ। ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

५. शिलबन्दी दरभाउपत्र लिने, दिने र खोल्ने (खोलिने) दिनमा बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयलाई मानिने छ।

६. कुनै पनि शर्त राखी वा हुलाक, आवा र टेलिफोनबाट कबोल गरेको अंकलाई मान्यता दिइने छैन।
७. प्रचलित कानून अनुसार लाग्ने कर तथा आयकर स्वयं दरभाउपत्रदाताले व्यहोर्नु पर्नेछ।

प्रशासकीय अधिकृत

८. ठेकेदारले आफुले कबोल गरेको अंकलाई सम्झौतामा उल्लेखित किस्ता बमोजिम दाखिला गर्नुपर्नेछ । प्रथम किस्ता चलन पूर्जी लिन अगावै र अन्य किस्ता शर्तनामा उल्लेख गरिए अनुसार हुनेछ ।

**९. ठेकेदारले कबोल अंक सम्झौताका बखत नै एकमुष्ट नगदै दाखिला गरेमा कबोल अंकको १० प्रतिशत छुट दिइनेछ ।**

१०. सम्झौता गर्न आउँदा कबोल अंक बराबरको १२ (बाह्र महिना) को बैंक ग्यारेन्टी (नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट) अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

११. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यसै गुलरिया नगर कार्यपालिका कार्यालयमा सुरक्षित रहने छ ।

१२.थप जानकारीको लागि गुलरिया नगरपालिकाको राजश्व शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

१३. ठेकेदारले आफूले कबोल गरेको रकम अंक र अक्षरमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइने छ ।

१४. गुलरिया बसपार्कको हकमा मात्र बसपार्कको टिकट घर र शौचालयमा जडान भएको विद्युत महशुल बापतको रकम बिल अनुसार ठेकदारले मासिक रुपमा न.पा. मा नगदै दाखिला गर्नुपर्ने छ वा महशुल बुझाएको बिल पेश गर्नुपर्ने छ ।

१५. बिगत वर्षको बक्यौता नगरपालिकामा बुझाउन बाँकी हुनेले दरभाउपत्र खरिद गर्न पाउने छैन् ।

**१६. गुलरिया तरकारी हाट,पर्वतिया तरकारि हाट,बसपार्क पार्किङ्ग शुल्क उठाउन पाउने दररेटहरुको विवरण बोलपत्र फाराममा उल्लेख गरिनेछ ।**

१७. अन्य शर्तहरु सार्वजनिक खरिद ऐन २०६३ , सार्वजनिक खरिद नियमावली २०६४ र स्थानिय निकाय आर्थिक प्रशासन नियमावली २०६४ मा उल्लेख भए अनुसार हुनेछ ।

तपसिल

| ठे.न. | ठेक्काको नाम | आ. व. | न्युनतम ठेक अंक रु. |
|---|---|---|---|
| १. | गुलरिया तरकारी हाटबजार ठेक्का वार्ड नं. ७ | २०७६ श्रावण १ देखि २०७७ अषाढ मसान्तसम्म १ वर्ष | १३,००,०००। तेह्र लाख मात्र । |
| २. | पर्वतीया तरकारी हाटबजार ठेक्का वार्ड नं. १ | २०७६ श्रावण १ देखि २०७७ अषाढ मसान्तसम्म १ वर्ष | ३७५,०००। तिन लाख पचहत्त हजार मात्र । |
| ३. | गुलरिया बसपार्कमा पार्किङ / प्रवेश शुल्क असुली ठेक्का वार्ड नं. ७ | २०७६ श्रावण १ देखि २०७७ अषाढ मसान्तसम्म १ वर्ष | ६५०,०००। छ लाख पचास हजार मात्र । |

बोधार्थ: श्री सूचना तथा प्रविधि शाखा कार्यालयको वोयबसाईडमा राखिदिनु हुन ।